# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०८०/०८१
च. नं.: ४९३

मितिः २०८०/०८/१९

विषय : गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र पर्ने सहकारी संस्थाहरुलाई जारी एकीकृत निर्देशन ।

सहकारी क्षेत्रमा हाल देखा परेको समस्या समाधानका लागि राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा गठित सहकारी क्षेत्र सुझाव कार्यदल, २०८० ले दिएको सुझाव कार्यान्वयन गर्न भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ३९१, मिति २०८०/०७/२४ को पत्र र सो सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १९८, मिति २०८०/०८/०६ को पत्रबाट लेखी आएकोले यस गाउँपालिकाको नियमन क्षेत्राधिकारभित्रका सबै सहकारी संस्थाले देहायको बुँदाहरु कार्यान्वयन गर्नु, गराउनु हुन अनुरोध छ ।

<u>देहाय</u>

**१. स्वेतपत्र जारी गर्ने** :- सबै संस्थाले २०८० मंसिर मसान्तभित्र संस्थाको दायित्व, लगानी तथा सम्पत्ति लगायतका वित्तीय विवरणहरु समावेश भएको स्वेत पत्र / स्थिति पत्र सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुहुन ।

**२. संचालक समिति तथा लेखा सुपरीवेक्षण समितिका सदस्यहरु र व्यवस्थापकको सम्पत्ति विवरण पेश गर्ने** :- सबै सहकारी संस्थाका सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिका सदस्यहरु र व्यवस्थापकको सम्पत्ति विवरण यसैसाथ संलग्न ढाँचामा बेग्लाबेग्लै खामबन्दी गरी २०८० मंसिर मसान्तभित्र पेश गर्नुहुन ।

**३. कोपोमिस प्रणालीमा विवरण प्रविष्टि गर्ने** :- सबै संस्थाहरुले नियमित रुपमा संस्थाको मासिक तथा वार्षिक वित्तीय प्रतिवेदन, साधारण सभा, निर्वाचन, मासिक बैठक, सम्पत्ति शुद्धिकरण निवारणसँग सम्बन्धित विवरण, सञ्चालक समितिका सदस्यले लिएको ऋणको विवरण तथा सबै सदस्यहरुको विवरण नियमित रुपमा तोकिएको समयभित्रै प्रविष्टि गरी प्रणाली बाटै जानकारी पठाउनुहुन ।

२०८०।८।१९

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np
फेसबुक पेज:-https://www.facebook.com/satyawatirmo